# आठबीस नगर कार्यपालिकाको कार्यालय
## राकम कर्णाली, दैलेख ।
## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

( प्रथम पटक प्रकाशित मिति :- २०७७/१०/१४)

यस नगर कार्यपालिकाको कार्यालयको आर्थिक वर्ष २०७७/०७८ मा नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम दोश्रो चरण (NCCSP- 2) अर्न्तगतको ओखर तथा टिमुर खेति पकेट क्षेत्र निर्माण कार्यक्रमका लागी तपसिल बमोजिमका खरिद कार्य शिलबन्दी दरभाउपत्रका माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत पत्र प्राप्त ईच्छुक विरुवा उत्पादक नर्सरी तथा कृषि फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको शिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१. दरभाउपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी, PAN दर्ता प्रमाण पत्रको प्रतिलिपी, विगत दुई आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी, सम्भव भए सम्म नेपाल सरकारको कुनै वागवानी विकास अधिकृतवाट विरुवाको जातिय शुद्धता खुल्ने प्रमाणित कागजात, यदि जातिय शुद्धता नभएमा पछि पनि देखिन सक्ने सम्पूर्ण समस्याको जिम्मेवार हुने स्वघोपित प्रतिवद्धता पत्र, संस्थाका अनुभव सम्बन्धी अन्य प्रमाण पत्रका प्रतिलिपीहरु संलग्न राखी लिखित निवेदन साथ तल उल्लेखित दस्तुर ( फिर्ता नहुने गरी ) तिरी इच्छुक दरभाउपत्रदाताले यस कार्यालयवाट खरिद गर्न सक्नेछन् ।

२. खरीद भएका दरभाउपत्र प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२.०० बजे भित्र शिलबन्दी लाहा छाप गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २ : ०० बजे यस कार्यालयमा खोलिने छन् । साथै दरभाउपत्र खोल्ने समयमा निज वा निजको प्रतिनिधि नभए पनि दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

३. दरभाउपत्र खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्यहरु क्रमश : लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।

४. दरभाउपत्रका साथ जमानत वापतको तपसिल बमोजिमको रकम यस कार्यालयको नेपाल ईन्भेष्टमेन्ट बैंक लि., डावा शाखा, दैलेख स्थित च. हि.नं. ०६३०१४००२५००३० मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयमा नगदै जम्मा गरेको रसिद वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिवाट कम्तीमा ९० दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानी पत्र ( विडवण्ड ) पेश गर्नु पर्नेछ ।

५. म्याद नाघि आएको, रीत नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कारवाही हुने छैन ।

६. दरभाउपत्रदातावाट दरभाउपत्रको उल्लेखित मूल्य परिमाण सूची ( BOQ ) मा प्रत्येक आइटमको दर रेट भरी नआएमा त्यस्तो दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन । साथै दर रेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ ।

७. यस नगरपालिकाको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. तपसिलको कार्य यस कार्यालयले तोकेको समय भित्र सम्पन्न गरी सक्नुपर्नेछ ।

९. दरभाउपत्रका सम्वन्धमा अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयवाट कार्यालय समय भित्र बुझ्न सकिनेछ ।

१०. यसमा उल्लेख नभएका विपयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

तपसिल :

| ठेक्का नम्बर | कामको विवरण | दरभाउपत्र जमानत रकम | दरभाउपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ०१/२०७७/०७८( कृषि विकास शाखा ) | ओखर दाँते विजु/ कलमी विरुवा खरिद | रु.२०,०००।- | रु. १,०००।- | आयोजना स्थल – आ.न.पा. ५, ६ र ९ |

प्रमुख प्रशासकीय अधिकृत

थप जानकारी एवं सूचनाको लागि : फोन ०८९६९०४७५, ई मेल aathabismun@gmail.com, वेवसाइट www.aathabismun.gov.np

Scanned with CamScanner